# ठाकुरबाबा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सैनवार, बर्दिया

प्रदेश नं.५, नेपाल

**आन्तरिक आय तर्फको नदीजन्य पदार्थ संकलन/उत्खनन् तथा बिक्री शुल्क उठाउने ठेक्का बन्दोवस्त सम्बन्धी बोलपत्र आव्हानको सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०७५।०८।२३ गते)

स्थानीय सरकार संचालन ऐन २०७४ दफा ११, उपदफा २ घ को (६), दफा ६४ उपदफा १(च), ५ नं. प्रदेश सरकारको आर्थिक ऐन २०७५ को दफा ८ (१) र सो सँग सम्बन्धित अनुसुची ६, प्रदेश नं. ५ को नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ र ठाकुरबाबा नगरपालिकाको तपसिलका नदीहरुको घाटहरुबाट स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन ( IEE) मा व्यवस्था भए अनुसार निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी घाटगद्दी गर्ने र घाटगद्दीबाट ठाकुरबाबा नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी तपसिलमा उल्लेखित न्यूनतम ठेक्का अंकमा नघटने गरी आ.व. २०७५/०७६ जेष्ठ मसान्तसम्मको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र तपसिलमा उल्लेखित कानूनी प्रकृया पुरा गरेका ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७४/०७५ को कर चुक्ता प्रमाणपत्र, कारवाही वा कालोसूचीमा नपरेको स्वघोषण, अख्तियारनामा को प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही E-Bidding मार्फत बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपसिल</u>

| सि.नं. | सूचना नं./ठेक्का नं. | ठेक्काको विवरण | कर उठाउन पाउने दररेट मु.अ.कर समेत) | | उत्खनन/संकलन तथा बिक्री परिमाण (घन मिटर) (Based on existing quantity at river) | न्यूनतम ठेक्का रकम (मू.अ.कर समेत | धरोटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|---|
| १. | MG/G/NCB/TBNP-07/2075-076 | बबइ नदि चन्दनपुर घाट क्षेत्र नं २( संकलन तथा उत्खनन् क्षेत्र) | ढुङ्गा, गिट्टी, बालु वा | रु ६ प्रति घन फिट | ३१५००। | ६६,७५,४८०। | मु.अ.कर सहित कुल कबोल अङ्कको ५% हुन आउने रकम वा कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत | ३००० (तिन हजार मात्र) |
| २. | MG/G/NCB/TBNP-08/2075-076 | ओराही खोला गोदाना घाट ( संकलन तथा उत्खनन् क्षेत्र) | ढुङ्गा, गिट्टी, बालु वा | रु ६ प्रति घन फिट | ४५०००। | ८५३६४००। | मु.अ.कर सहित कुल कबोल अङ्कको ५% हुन आउने रकम वा कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत | ३००० (तिन हजार मात्र) |

ठाकुरबाबा नगरपालिका नगर कार्यपालिकाको कार्यालय सैनवार, बर्दिया प्रदेश नं ५, नेपाल

<u>निर्माण सामाग्री उत्खनन र घाटगद्दीः</u>

**सम्बन्धित निकायको स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (I.E.E) अनुसार प्रतिवेदनमा सिफारिश भए बमोजिम देहायका स्थानबाट निम्न बमोजिमको परिमाण मा ढुंगा, गिट्टी, र बालुवा उत्खनन र तोकिएको स्थानमा घाटगद्दी गरि बिक्रि वितरण गर्नुपर्नेछ ।**

| संकलन/उत्खनन स्थल | लम्बाई (मि.) | औसत चौडाई (मि.) | क्षेत्रफल | गहिराई (मि.) | ९ महिनामा उत्खनन गर्न सकिने परिमाण (घ.मि.) | अक्षांश/देशान्तर | नदीजन्य पदार्थ |
|---|---|---|---|---|---|---|---|
| क्षेत्र न २ - ( चंदनपुर घाट) | ५१९ | १६५ | ८५६३५ | ०.९ | ३१५०० | 28°22'30.09"N 81°18'54.14"E **TO** 28°22'17.59"N 81°18'48.48"E | ढुंगा : ६० % गीट्टी : ४० % |
| क्षेत्र न २ ( गोदाना घाट ) | ३९८ | ९७ | ३८६०६ | ०.९ | १८००० | 28°27'048" N 81°26'53.63" E **TO** 28°26'57.62 " N 81°16'44.04" E | गीट्टी : ५० % बालुवा : ५० % |
| क्षेत्र न ३ ( गोदाना घाट ) | ३५३ | २२५ | ७९४२५ | ०.९ | २७००० | 28°26'53.90 " N 81°16'37.71" E **TO** 28°26'43.99 " N 81°16'34.21" E | |

**<u>नदीजन्य पदार्थहरु उत्खनन, घाटगद्दी र विक्री वितरण गर्ने शर्तहरु</u>**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७४/०७५ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, कारवाही वा कालोसूचीमा नपरेको स्वघोषण, अख्तियारनामा र वोलपत्र फाराम दस्तुर वापत एन.आई.सी. एसिया बैंक लिमिटेड, भुरिगाउँ शाखा, बर्दियामा रहेको यस कार्यालयको खाता नं. **<u>G1CA052388852405</u>** मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३०औं दिनको (मितिः २०७५/०९/२३) कार्यालय समय भित्र बोलपत्र फाराम download गर्न सकिनेछ । बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट मात्र बोलपत्र download तथा upload गर्न सक्ने व्यवस्था गरिएको छ ।

२. बोलपत्र भर्दा कवोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कवोल गरेको मु.अ.कर सहित अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको एन.आई.सी. एसिया बैंक लिमिटेड, भुरिगाउँ शाखा, बर्दियामा रहेको धरौटी खाता नं. **<u>G1CA052388852404</u>** मा जम्मा

गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको विड वण्ड वोलपत्र साथ पेश गर्नु पर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोपराइटरको नाम, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन (२०७५/०८/२४) दिनको १२.०० बजे भित्र electronically मात्र दर्ता गर्न सकिने छ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

५. रीतपूर्वक पर्न आएका वोलपत्रहरु वोलपत्र पेश गर्ने अन्तिम दिनको (२०७५/०८/२४) २:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै ठेकेदार वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन विदा परेमा उल्लेखित कार्यहरु विदा पछि कार्यालय खुलेको दिनमा हुनेछ ।

६. नदिजन्य पदार्थहरु नदीबाट सोझै विक्री वितरण नगरी घाटगद्दी गरिएको स्थानबाट मात्र गर्नुपर्नेछ ।

७. म्याद नाघी, रीत नपुगी र/वा शर्तसहित पेश हुन आएका वोलपत्रहरु स्वीकार गर्न यस कार्यालय वाध्य हुनेछैन । वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको मितिले ७ दिन भित्र मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिई ठेक्का अंकको प्रथम किस्ता वापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्तावापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०७६ साल श्रावण मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गर्नुपर्नेछ । साथै ठेक्का कबोल गर्ने फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नेपाल सरकारलाई बुझाउनु पर्ने नियमानुसार १३% मु.अ.कर पेश गर्नुपर्नेछ ।

९. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का वन्दोवस्त गरिनेछ ।

१०. यस नगरपालिकाका नदि तथा खोलाहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दभर्मा स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था, प्रदेश आर्थिक ऐन २०७५ (प्रदेश नं. ५), नदिजन्य निर्माण सामाग्रीहरुको उपयोग सम्बन्धमा भएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) एवं नेपाल सरकारबाट भएका निर्देशनहरु, वा उल्लेखित प्रावधान विपरित हुने गरी कार्य गर्न पाईने छैन ।

११. साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन, कार्यपालिका तथा नगर सभाका निर्णयहरु यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन् । साथै नेपाल सरकारका अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

१२. नदिजन्य पदार्थको उत्खनन, संकलन तथा विक्रि वितरण कार्य चुरे, मध्यवर्तिक्षेत्र, राष्ट्रिय निकुञ्ज र नेपाल सरकारले निषेध गरेको स्थानहरुबाट गर्न पाईनेछैन् ।

१३. अस्थायी ठेक्का चलनपूर्जी दिईने छैन । सम्झौता नगरी ठेक्का चलन गर्न पाईने छैन । समयमा सम्झौता नगरी ठेक्का चलनपूर्जी नलिएको कारणबाट कुनै किसिमको छुट र मिनाहा हुनेछैन ।

१४. कर, दस्तुर, शूल्क आदि तोकिएको संकलन केन्द्रमा मात्र उठाउनुपर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राख्न पाईनेछैन ।

१५. कर, दस्तुर, शूल्कको दर लगायत अन्य शर्तहरु वोलपत्र फारममा उल्लेख गरिएको छ । नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित कानून वमोजिम बुझाउनुपर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ । सो वापत बुझाएको रकमलाई कवोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाईनेछैन ।

१६. शूल्क उठाउने रसिदहरु ठेक्काको शीर्षक अनुसार छुट्टा छुट्टै रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई यस कार्यालयको छाप लगाई प्रमाणित गराएर र रसिद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ ।

१७. ठेक्का सम्झौता भएपछि कर कार्यालयको कर क्लियरेन्स फुकुवापत्र प्राप्त भएपछि मात्र धरौटी रकम फिर्ता गरिनेछ । सम्मानित अदालत, नेपाल सरकार, ठाकुरबाबा नगरपालिकाको निर्देशन तथा आदेशको पालना गर्नु गराउनु ठेकेदारको कर्तव्य हुनेछ । निर्देशन वा आदेशको पालनाको कारणबाट कुनै क्षति हानी नोक्सानी हुन गएमा क्षतिपूर्तिस्वरुप कुनै पनि रकम ठाकुरबाबा नगरपालिका सँग दावी गर्न पाईने छैन ।

१८. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, प्रदेशको नदीजन्य पर्दाथ कार्यबिधि २०७५ तथा नगर सभाका निर्णयहरु र नेपाल सरकारका अन्य प्रचलित कानुन अनुसार हुनेछ ।.

१९. ठेक्काको कर असुल गर्नुपर्ने दर रेटको सूची तालिका र शर्तहरु सहितको होडिङ वोर्ड कर संकलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधारणले देख्नेगरी राख्नु पर्नेछ ।

२०. गत विगतमा ठेकेदारले ठाकुरबाबा नगरपालिकालाई बुझाउनु पर्ने किस्ता रकम नबुझाई बांकी रहेकोमा वा अन्य कुनै दायित्व वांकी रहेमा निजको वोलपत्र स्वीकृत गर्न ठाकुरबाबा नगरपालिका बाध्य हुनेछैन ।

२१. तोकिएको म्याद भित्र ठेकेदारले ठाकुरबाबा नगरपालिकालाई बुझाउनु पर्ने किस्ता रकम नबुझाएमा ठेक्का तोडन सक्नेछ र हानी नोक्सानी क्षतिपूर्तिको रकमको साथै बांकी किस्ता रकमको १०% का दरले ब्याज समेत ठेकेदारबाट ठाकुरबाबा नगरपालिकाले असुल गर्नेछ ।

२२. सूचना वा यस वोलपत्र फाराममा कुनै त्रुटी भएमा सो सम्बन्धमा ठाकुरबाबा नगरपालिकाको निर्णयानुसार हुनेछ ।

२३. ठेक्काको संकलन केन्द्र निम्नअनुसार स्थानमा राख्नुपर्नेछ । तोकिएको स्थान बाहेक अन्य स्थानमा संकलन केन्द्र राख्नु पर्ने भएमा ठाकुरबाबा नगरपालिकाको पूर्व स्विकृति लिएर मात्र राख्न पाईनेछ ।

२४. आ.व. २०७५/०७६ को नदिजन्य सामाग्रीमा प्रति घन फिट बिक्री दरमा मु.अ.कर वापत १३ प्रतिशत समावेश गरीएकोले नियमानुसार ढुंगा, गिट्टी, बालुवा को प्रति घन फिट रु ६ मा बिक्री कर संकलन गर्न पाइनेछ । साथै तोकिएको अवधीभन्दा पहिले तोकिएको परिमाण उत्खनन् भएको खण्डमा थप परिमाण उत्खनन वा निकासी गर्न रोक लगाईने छ । परिमाण पछि थप घट भएमा वा सो सम्बन्धी अन्य कुनै ब्यवस्था भएमा सोही अनुसार हुनेछ । साथै तोकिएको समय भित्र निर्धारित परिमाण ठेकेदारले निकाल्न नसकेमा अर्को आर्थिक वर्षमा म्याद थप हुने छैन ।

२५ ठेकेदारले नदीबाट निर्माण सामग्रीहरु उत्खनन र सकलन बिहान सुर्योदय देखि साझँ सुर्यास्त सम्म मात्र गर्न सक्नेछ ।

२६. निर्माण सामग्रीहरु उत्खनन र संकलन तथा विक्रि गर्दा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरुलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

२७. नदीबाट उत्खनन गरेको परिमाणको लगत प्रत्येक महिनाको पहिलो साताभित्र अनिवार्य रुपले प्रमाणित गरी ठाकुरबाबा नगरपालिकामा बुझाउनु पर्नेछ ।

२८. नदीबाट निर्माण सामग्रीहरु उत्खनन गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनैपनि कार्य गर्न पाईने छैन अन्यथा नियमानुसार कार्वाही हुनेछ ।

२९. ठेकेदारले यसमा भएका सम्पूर्ण शर्तहरु पूर्णरुपले पालना गर्नु पर्नेछ र सोको अनुगमन ठाकुरबाबा नगरपालिकाको कार्यालयबाट हुनेछ । यस्तो अनुगमनबाट शर्त उल्लङ्घन भएको पाईएमा कार्यालयले ठेक्का तोड्न सक्नेछ र सो बाट ठेकेदारलाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र त्यसको क्षतिपूर्ति दिन बाध्य हुनेछैन ।

३०. नदीबाट निर्माण सामग्रीहरु उत्खनन र संकलन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्बन गरी ढुगां, गिट्टी, वालुवा आदि संकलन तथा ढुवानी गर्नुपर्नेछ ।

३१. निर्माण सामग्रीहरु उत्खनन गर्न नदीसम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नु पर्ने छ । सो वापत लागेको खर्च ठाकुरबाबा नगरपालिकामा दावी गर्न पाइनेछैन ।

३२. नदीबाट निर्माण सामग्रीहरु उत्खनन गर्दा नजिक रहेको सडक वन तथा नदी नालाको किनारा, घाटलाई कुनै हानी नोक्सानी नहुने र अर्काको जग्गा, कूलो, बाँधमा क्षति नहुने गरी उत्खनन् गर्नुपर्नेछ ।

३३. पुल, कल्भर्ट, कजवे, सडक, वाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुवैतर्फ ५०० मी. भित्र निर्माण सामग्रीहरु उत्खनन गर्न पाइनेछैन ।

३४. मुख्य मार्गबाट वोल्डर, ग्राभेल वालुवा उत्खनन गर्ने स्थलसम्म जाने आउने वाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्बन्धित जग्गाधनीको मञ्जुरीनामा लिनु पर्नेछ र वन क्षेत्र भएर जाने भए वन कार्यालय सँग सम्पर्क र समन्वय राखी ठेकेदारले निर्माण गर्नु पर्नेछ ।

३५. ठाकुरबाबा नगरपालिकाबाट निर्धारण भएको दर वमोजिम बाहेक अन्य कुनै किसिमको कर, सेवा शूल्क वा दस्तुर लिन पाइनेछैन र ठाकुरबाबा नगरपालिकाको कार्यालयबाट प्रमाणित गरिए बाहेकको रसिदहरु प्रयोग गरी आय संकलन गर्न पाइनेछैन । यदि कुनै त्यस्तो अनधिकृत रकम असुल गरेको वा अनधिकृत रसिद प्रयोग गरेको तथ्य कार्यालयबाट अनुगमन हुंदा वा अन्य कतैबाट भएको उजुरीउपर छानवीन गर्दा देखिएमा नियमानुसार कारवाही र सजाय हुनेछ ।

३६. यस सूचना वमोजिम सम्झौता भई ठेक्का चलनपुर्जी जारी गरिएपछि कुनै किसिमको मिन्हा माफी हुने छैन तर नेपाल सरकार वा सो मातहतको कुनै निकायबाट ठेकका रोक्का वा वदर गर्ने निर्णय भएमा बांकी अवधिको दामासाहिले हुने रकम नेपाल सरकार वा रोक्का गर्ने निकायबाट सोधभर्ना भएमा राजश्व परामर्श समितिको सिफारिशमा नगर सभाको निर्णयानुसार मिन्हा माफी दिन सकिने छ ।

३७. ठेक्का कार्यादेश पाएको मितिको भोलिपल्टदेखि २०७६ जेष्ठ मसान्तसम्म मात्र उत्खनन एवं संकलन समय अवधि हुनेछ तर जिल्ला अनुगमन तथा समन्वय समितिले उपयुक्त ठहरायमा चालु वर्षको ठेक्कामा वढावढ वाट कायम भएको दरमा सम्वन्धित ठेकेदार मार्फत वा अन्य तरिकावाट प्रारम्भिक वातावरणिय प्रभाव मूल्यांकन प्रतिवेदनमा उल्लेख भए

वमोजिम तोकियका क्षेत्रबाट मात्र उत्खनन् हुने गरी २०७६ साल असार २० सम्मको लागि उत्खनन्को समयावधि थप गर्न सकिनेछ ।

३८. ठेकेदारले नियमानुसारको मूल्य अभिबृद्धि कर रकम उठाउन पाउनेछ ।

३९. ढुंगा, गिट्टी, बालुवाको उत्खनन / सकंलन गर्दा एक्साभेटर, डोजर जस्ता भारी उपकरणहरुको प्रयोग गर्न पाइनेछैन तर विशेष परिस्थितिको सन्दर्भमा नदीजन्य पदार्थ ठाकुरबाबा नगरपालिका, जिल्ला अनुगमन तथा समन्वय समितिको निर्णय वमोजिम हुनेछ ।

४०. चालु आर्थिक वर्षको तोकिएको अवधीभित्र उत्खनन गरेको निर्माण सामाग्रीहरु २०७६ जेठ मसान्त सम्म विक्री वितरण गर्दा पनि मौज्दात बाँकी रहने अवस्था रहेमा अवधि समाप्त हुनुभन्दा एक हप्ता अगावै कार्यविधिमा उल्लेखित प्राविधिक समितिवाट एकिन गराई सबै स्थानहरुमा रहेको मौज्दात प्रमाणित गराउनुपर्नेछ । तर नदी वा नदी किनारामा रहेको सामाग्रिलाई मौज्दात मानिने छैन ।

४१. उत्खनन् पश्चात् काम नलाग्ने भनी छोडिएको निर्माण सामाग्रीहरु जुन स्थलबाट निकालिएको हो, सोही स्थलमा लगी पूर्व अवस्थामा छोड्नु पर्नेछ । नदिको धार वदलिने गरी उत्खनन गर्न पाइनेछैन ।

४२. निर्माण सामाग्री उत्खनन गर्ने कार्यमा संलग्न हुने कर्मचारी/कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामाग्री तथा औजारहरु ठेकेदार स्वयंले उपलब्ध गराई सम्पूर्ण सुरक्षा सतर्कतासाथ उत्खनन तथा विक्री प्रवन्ध मिलाउनु पर्नेछ ।

४३. ठेकेदारका कर्मचारी तथा कामदरहरुको कारण वातावरणमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी कार्य गर्ने ब्यवस्था ठेकेदारले नै मिलाउनुपर्नेछ । साथै कामदार तथा कर्मचारीहरुको सुरक्षाको लागि विमा गर्ने गराउने दायित्व ठेकेदार स्वयंको हुनेछ ।

४४. यस सूचना वमोजिम हुने ठेक्का सम्झौताको अवधी सम्झौताको शर्तहरुमा तोकिए वमोजिम हुनेछ ।

४५. स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्युनिकरणका उपायहरुको पुर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन् तथा विक्री वितरण गर्नुपर्नेछ ।

४६. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, ठाकुरबाबा, नगरकार्यपालिका तथा नगर सभाका निर्णयहरु र नेपाल सरकारका अन्य प्रचलित कानुन अनुसार हुनेछ ।